मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

नेपालीको आफ्नै मौलिक पर्वका रूपमा रहेको राष्ट्रिय धान दिवस तथा दही चिउरा खाने दिन २०८३ का अवसरमा कोशी प्रदेश तथा स्वदेश एवम् विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

हरेक वर्षको असार १५ लाई राष्ट्रिय धान दिवससँगै दही चिउरा खाने दिनका रूपमा हामीले भव्यताका साथ मनाउँदै आएका छौं। असारका दिनलाई "मानो खाएर मुरी उब्जाउने" दिनका रूपमा लिई मौलिक कला, संस्कृति, असारे भाका, नाचगान र धान रोपाइँसँग जोडेर उत्सवका रूपमा मनाउने परम्परा रहेको छ। यसले हाम्रो साँस्कृतिक पहिचानलाई अझ समृद्ध बनाएको छ।

नेपाल कृषिप्रधान मुलुकका भए पनि पछिल्लो समय युवाहरूको बढ्दो वैदेशिक पलायन तथा बसाइँसराइका कारण खेतीयोग्य जमिन बाँझिदै गएको छ। यसले कृषि उत्पादन घटाउँदै खाद्यान्नमा परनिर्भरता बढाएको छ। युवा शक्तिलाई स्वदेशमै कृषि उत्पादन र आय आर्जनसँग जोड्न सके राष्ट्रिय पूँजी निर्माण, रोजगारी सिर्जना र कुल गार्हस्थ्य उत्पादन (जिडीपी) वृद्धिमा महत्वपूर्ण योगदान पुग्नेछ। प्रविधिको विकाससँगै परम्परागत कृषि प्रणालीमा पनि सकारात्मक परिवर्तन आएको छ। आधुनिक प्रविधिको प्रयोग, यान्त्रिकीकरण र वैज्ञानिक खेती प्रणाली अपनाएर उत्पादन वृद्धि गर्न सकिए धान उत्पादनमा आत्मनिर्भर बन्न सकिन्छ।

कोशी प्रदेश सरकार आफ्नो स्थापनाकालदेखि नै उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै कृषि उत्पादन वृद्धि, बजारीकरण तथा कृषि क्षेत्रको विस्तारमा निरन्तर क्रियाशील रहेको छ। धान केवल अन्नबाली मात्र नभई हाम्रो संस्कृति, अर्थतन्त्र र जीवनशैलीको महत्वपूर्ण आधार पनि हो। त्यसैले प्रदेश सरकारले कृषि उत्पादन तथा कृषि उद्यमशीलताको विकासलाई उच्च प्राथमिकतामा राखी विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ। कृषिमा नवप्रवर्तन, कृषि उद्योगका लागि ब्याज अनुदान, उत्पादनमुखी योजना, प्राविधिक सहयोग तथा कृषकमैत्री कार्यक्रममार्फत कृषि क्षेत्रलाई थप सुदृढ बनाउन प्रदेश सरकार निरन्तर प्रयासरत छ। कृषिलाई आधुनिक, व्यावसायिक र उत्पादनमुखी बनाउँदै राष्ट्रिय पूँजी निर्माण, रोजगारी सिर्जना तथा आयात प्रतिस्थापनका लागि सरकार, निजी क्षेत्र, सहकारी संस्था र कृषकबिचको सहकार्य अझ सुदृढ हुन आवश्यक छ।

अन्त्यमा, राष्ट्रिय धान दिवसका अवसरमा सम्पूर्ण कृषकहरूको श्रम, समर्पण र योगदानप्रति उच्च सम्मान व्यक्त गर्दै कृषि क्षेत्रको आधुनिकीकरण, उत्पादन वृद्धि र समृद्ध कोशी प्रदेश निर्माणमा सबैलाई हातेमालो गर्न हार्दिक आह्वान गर्दछु।

१५ असार २०८३

हिक्मत कुमार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश
मुख्यमन्त्री